जन्मकुण्डली वंशावलीको महत्वपूर्ण अङ्ग हो । त्यसकारण आफ्नो जन्म-कुण्डली समयमै बनाऔं । जन्म-कुण्डलीलाई च्यात्ने, फ्याँक्ने, मरेपछि जलाउने काम नगरौं ।
संयोजक
डा.बलराम उपाध्याय रेग्मी
मेची-महाकाली ज्योतिष जागरण अभियान नेपाल

Jyotish Bhabishyawani Weekly ज्योतिष विधामा आधारित राष्ट्रियस्तरको एकमात्र अखबार

राष्ट्रिय साप्ताहिक जि.प्र.का.मो.द.नं.: ११५/२०५५ प.क्षे.हु.नि.द.नं.: १/२०६८


# ज्योतिष भविष्यवाणी


वर्ष १४ अङ्क ४६ २०६८ फाल्गुन ११ गते, बिहीबार 23, Feb. 2012 मूल्य रु. १०/-

के तपाइँले प्रत्येक बिहीबार प्रकाशित "ज्योतिष भविष्यवाणी" (साप्ताहिक) पढ्नुभयो ? खोज्दा नपाइएमा हाम्रो इन्टरनेट ठेगाना www.jbweekly.com बाट Sagarmatha अथवा Himalb Font डाउनलोड गरी हेर्न सक्नुहुनेछ ।
प्रधान सम्पादक
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी नेपाल ।
फोन नं. ००९७७-९८५६०२०९१४


## बुझेर पनि बुझ् पचाउँछन् बुद्धिजीवि

**डा. बलराम उपाध्याय रेग्मी**

**पोखरा** : धेरै पढेका व्यक्ति विद्वान, चेतनशील छिटो बुझ्ने, विश्वस्त रूपमा बुझ्ने हुन्छन् भन्ने सोचमा तपाईं हुनुहुन्छ भने त्यो अब गलत साबित भएको छ ।

नेपाली विषयमा एम.ए., पी.एच.डी.गरेका व्यक्ति आफ्नो ट्युसन नचल्ने हुँदा ज्योतिष शिक्षामा व्यापार भएको देख्दा रहेछन्, कतिपय मार्क्सवादी अथवा वामपन्थी राजनीतिमा लाग्ने व्यक्ति गणित ज्योतिषमा विश्वास गर्दा रहेछन् तर फलित ज्योतिषमा उनीहरूलाई पटक्कै विश्वास लाग्दैन रे अर्थात उनीहरू रुखको जरो र मुढोमा विश्वास गर्दा रहेछन् रुखमा पाकेको फलमाथि विश्वास गर्दा रहेनछन् । तथाकथित विज्ञान पढ्ने म्याग्दी जिल्लाका विद्यार्थी २१औं शताब्दिमा ज्योतिषमा विश्वास राख्न नहुने बताउँदै आएका छन् । म्याग्दी जिल्लाकै केही क्षेत्री शिक्षकले त ज्योतिषलाई अझै पनि बाहुनको विद्या भन्दा रहेछन् ।

उच्च शिक्षा प्राप्त व्यक्ति भन्दा निरक्षर गुरुङ, मगर, थापा, क्षेत्री, ठकुरी जातमा त्यो पनि विशेष गरी महिलाको चेतनशीलता ज्यादै उच्च पाइएको छ । उच्च शिक्षा पढेका व्यक्तिलाई जाँड रक्सी छुटाइ माग्न आउने, विदेश जान खोज्ने छोरा अथवा लोग्नेको चिना हेराई उपाय कार्यमा लाग्ने महिलाको चेतनालाई धेरै गुणा उच्च मान्न सकिन्छ ।

पढे लेखेका व्यक्ति लाखौं डुबेपछि ज्योतिषीकहाँ जान्छन् भने निरक्षर, थोरै पढेका व्यक्ति प्रत्येक काम गर्दा ज्योतिष परामर्श लिई गर्दछन् भने अबको जमाना धेरै पढेकाको होइन, असल, इमान्दार, नढाँट्नेहरूको हो कि भन्ने कुरामा शङ्का नगरे हुने देखिएको छ ।

सूर्य चन्द्र छन् कि छैनन् भन्ने पक्ष विपक्ष हो भने छैन भन्ने व्यक्ति आँखा नभएको, ठीक त्यस्तै ज्योतिषमा विश्वास नगर्ने व्यक्ति यथार्थमा उल्लु हुन् जसले जानेर, भोगेर पनि ज्योतिषमा विश्वास छैन भन्छन् ।

यो पृथ्वी ३६० डिग्रीको छैन भनेर भन्नु निरक्षरता हो भने ३६० लाई १२ ले भाग गर्दा हुन आउने भागफल ३० बराबर एक महिना हुन्छ भनि तलब खानेहरूले सात बारमा विश्वास गरेका छन् जसमा शनिबार बिदा पर्दछ । शनिबार बिदा मनाउने व्यक्तिले ज्योतिष पत्याउँदिन भन्नु मूर्खता बाहेक केही होइन ।

## बृहत् महायज्ञको तीव्र तयारी

**हरि पन्त**

**पोखरा** : पोखरा उप-महानगरपालिका वडा नं.१२, १३ मा अवस्थित श्री गणेश तथा भद्रकाली मन्दिर धार्मिक क्षेत्र विकासका लागि यही फाल्गुन १९ गतेदेखि २६ गतेसम्म सञ्चालन हुन लागिरहेको महायज्ञको तयारी तीव्र रूपमा अगाडि बढिरहेको छ ।

१६८ वर्ष पुरानो धार्मिक आस्था र श्रद्धाको धरोहरको रूपमा रहेको श्री गणेश तथा भद्रकाली मन्दिर धार्मिक क्षेत्रको विकासका लागि सो बृहत् महायज्ञ अर्थात श्रीमद्भागवत पितृ उद्धार ज्ञान महायज्ञ २०६८ गर्न लागिएको बताइएको छ ।

धर्म र संस्कृतिको उत्थान गरी ऐतिहासिक सम्पदाको संरक्षण र सम्वर्द्धन गरौं, धार्मिक पर्यटनको विकास गरी एक सम्मुन्नत धार्मिक संस्था बनाऔं भन्ने मूल नाराका साथ आयोजना गर्न लागिएको सो महायज्ञको तयारी तीव्र रूपमा अघि बढेर अन्तिम चरणमा पुगेको महायज्ञ मूल समारोह संयोजक टीकाबहादुर कार्कीले जानकारी दिनुभएको छ ।

उहाँका अनुसार महायज्ञका लागि गेटहरू, कार्यक्रमका लागि मञ्च निर्माण लगायत केही काम बाहेक अन्य सम्पूर्ण कार्य पूरा भइसकेको छ । अन्य कामका लागि गठित विभिन्न उप-समितिहरूले तीव्र गतिमा आ-आफ्ना कार्यहरू अगाडि बढाई रहेकोले एक/दुई दिनभित्रैमा काम सम्पन्न हुने बताउनुभयो । महायज्ञको प्रचार-प्रसारका लागि भद्रकाली मन्दिर आसपासका क्षेत्रमा दैनिक रूपमा घरदैलो कार्यक्रमलाई समेत तीव्र पारिएको बताउँदै संयोजक कार्कीले फाल्गुन १७ गते बृहत् मोटरसाइकल ऱ्याली र १९ गते १०८ जलघडा सहित पोखरा परिक्रमा गर्ने जानकारी दिनुभयो ।

श्री गणेश तथा भद्रकाली मन्दिर विश्वमा नै चर्चित रहेर पनि मन्दिरका लागि आवश्यक साधन र स्रोतको अभाव रहेकाले सो पूर्ति गर्न श्रीमद्भागवत पितृउद्धार ज्ञान महायज्ञ गर्न लागिएको आयोजकले बताएका छन् । ८ दिनसम्म सञ्चालन हुने महायज्ञबाट ५ करोड उठाउने महत्वाकाङ्क्षी लक्ष्य आयोजकले अघि सारेका छन् ।

महायज्ञबाट आम्दानी हुने सो रकमले मन्दिर हातामा धार्मिक तथा सामाजिक कार्य गर्न मिल्ने बहुउद्देश्यीय सभा भवन निर्माण गर्ने मुख्य योजना रहेको संयोजक टीकाबहादुर कार्कीले बताउनुभयो ।

त्यस्तै अन्य गुरुयोजनाहरूमा धार्मिक क्षेत्रलाई देवी पञ्चायन शक्तिपीठका रूपमा विकास गर्नका लागि शिवालयको स्थापना गरी गुरुकुल सञ्चालन गर्ने, भरपर्दो तरिकाले पानीको व्यवस्था मिलाउने, पूर्वतर्फको निर्माणाधीन सिँढी बाटोको निर्माण पूरा गरी रेलिङ लगाउने, मन्दिर परिसरलाई अझ फराकिलो बनाउँदै बगैचा सहितको दृश्यावलोकन गर्न मिल्ने भ्यु टावर निर्माण गर्ने, भद्रकाली शान्ति बाटिकालाई नमूना बाटिकाको रूपमा विकास गर्ने, गुठी सम्पत्ति डाँडा क्षेत्रलाई कम्पाउन्ड गरी तार जालीले घेर्ने र भित्रपट्टि फुट ट्र्याक निर्माण गर्ने रहेको छ ।

यति ठूलो महत्वाकाङ्क्षी गुरुयोजना कसरी पूरा होला ? भन्ने संयोजक कार्कीसँगको प्रश्नमा उहाँले योजना सबै महत्वाकाङ्क्षी नै हुन्छन् तर हाम्रो अलि बढी नै महत्वाकाङ्क्षी भए पनि धार्मिक विकासको हाम्रो यो योजनाप्रति सबै पोखरेली र आसपासका मानिसहरूले सकारात्मक रूपमा लिएकाले गुरुयोजना पूरा हुने विश्वास रहेको बताउनुभयो ।

यसअघि पोखरामा आयोजना भएका महायज्ञहरू सफल रूपमा सम्पन्न भएको बताउँदै उहाँले भन्नुभयो-'धार्मिक कार्यमा पोखरेलीको आस्था र विश्वास अति नै रहेकाले यस्तो गुरुयोजना अघि सारेका हौं, शित उभाएर घैला भर्ने हो, सबैको सहयोग र सहकार्य भएमा हाम्रो यो कार्य पूरा सफल हुनेमा हामी विश्वस्त छौं ।'

युवा पण्डित कमलनयन गौतमबाट कथा वाचन हुने सो महायज्ञ सम्पन्न गर्नका लागि टीकाबहादुर कार्कीको

**बाँकी ४ पृष्ठमा...**

## राष्ट्रिय धर्मसभा नेपालको पहिलो बैठक

**रामनाथ अधिकारी'संगी'**

**सर्लाही** : नेपाली समाजमा धर्मको अन्योल हटाई शास्त्रीय अविच्छिन्न परम्परा चलाई राख्ने उद्देश्यले स्थापित राष्ट्रिय धर्मसभा नेपालको अधिवेशन पश्चात् पहिलो बैठक सर्लाही जिल्लाको मलङ्गवामा सम्पन्न भएको छ । संस्थाका केन्द्रीय अध्यक्ष प्रा.डा.माधव भट्टराईको अध्यक्षतामा सम्पन्न बैठकमा स्वागत मन्तव्य सचिव रामनरेश यादवले गर्नुभएको थियो । बैठकको उद्देश्यका बारेमा जानकारी गराउँदै अध्यक्ष प्रा.डा.भट्टराईले गाई काट्न हुन्न भन्ने ज्ञान संविधान सभामा रहेका ६०१ सभासदलाई नभएको धारणा व्यक्त गर्नुभएको थियो । हिन्दू राष्ट्र अभियानमा नेपालका २५ संस्था आवद्ध भैसकेको जानकारी गराउँदै उहाँले संस्थाको मूल एजेन्डा हिन्दूराष्ट्र अभियान भएको जानकारी दिनुभयो । विश्वको एकमात्र हिन्दूराष्ट्र नेपाल धर्मनिरपेक्ष भएपछि हिन्दूराष्ट्र कायम हुनुपर्छ भन्ने मान्यताका साथ अगाडि बढेको संस्थाको जिल्लाव्यापी सङ्गठन विस्तार भैसकेको र बाँकी रहेका केही जिल्लामा समेत छिट्टै विस्तार हुने भएकोछ । संस्थाले हालसम्म भारतमा मथुरा, वृन्दावन र उत्तरप्रदेश गरी तीन सम्पर्क समिति, हङकङ्मा शाखा विस्तार गरिसकेको बताइएको छ।

बैठकले भावी योजना समेत तर्जुमा गरेको छ । उक्त योजनामा आगामी चैत्र २०-३० गतेभित्र पोखरामा क्षेत्रीय भेलाको आयोजना गरी प्रशिक्षण दिने, संस्थामा महिला सदस्य बढाउने, संस्थालाई अझ बढी क्रियाशील बनाउने, सुरक्षाको व्यवस्था गर्ने, संस्थाको धारणा र उद्देश्यको बारेमा प्रचार-प्रसारलाई तीव्रता दिने, गुरुकुल सञ्चालन गर्ने, सङ्गठन विस्तारलाई समेत तीव्रता दिने रहेको छ ।

संस्थाको आगामी दोस्रो बैठक २०६९ जेठ मसान्तमा विराटनगरमा बस्ने भएको छ भने राष्ट्रिय धर्मसभा नेपाल २०६९ सालको सूर्य पञ्चाङ्ग पात्रोको संरक्षक रहने जानकारी प्राप्त भएको छ । दुईदिनसम्म चलेको बैठकमा कार्यक्रमको सञ्चालन महासचिव पुष्पराज पुरुषले गर्नुभएको थियो।

## यथार्थ कुरामात्र मिडियामा आउनुपर्छ : प्रजिअ भट्टराई

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : कास्कीका नवनियुक्त प्रमुख जिल्ला अधिकारी चेतनाथ भट्टराईले यथार्थ कुरा मात्र मिडियामा आउनुपर्ने बताउनुभएको छ ।

यही फाल्गुन १ गतेदेखि कास्कीमा आउनु भएका उहाँले पत्रकारहरूसँगको भेटघाटमा यस्तो कुरा बताउनुभएको हो । उहाँले पत्रकारले सही सूचना सम्प्रेषण गरेर समाजलाई जागरुक गराउनु पर्नेमा जोड दिंदै पत्रकारका लागि जिल्ला प्रशासनले हरेक कार्यमा सहयोग गर्ने बताउनुभयो ।

देशको विकास र समाजलाई कता लाने भन्ने कुरामा पत्रकारको ठूलो हात रहने बताउँदै भट्टराईले यस्तो सम्वेदनशील ठाउँमा बसेका पत्रकारले सही सूचनामात्र प्रकाशन प्रशारण गर्नुपर्नेमा जोड दिनुभयो । त्यसैगरी उहाँले जिल्ला प्रशासनमा हुने हरेक काम समयमै गराउन

**बाँकी ५ पृष्ठमा...**


विवाह, ब्रतबन्ध, पास्नी, जन्मदिन, ढिकुटी पार्टी, वार्षिक साधारण सभा, बैठक, सेमिनार, प्रशिक्षण आदि कार्यक्रमको लागि पोखरामा सर्वाधिक उपयुक्त स्थान

उपलब्ध सेवाहरू:
- पोखरामा सबैभन्दा ठूलो पार्किङ एरिया
- अत्यन्त सुपथ दरमा तीन तारे होटलको सेवा उपलब्ध
- ठूला बाल्कोनी सहितको विशाल तथा आरामदायी कोठाहरू
- सबै कोठाहरूबाट हिमाल छर्लङ्ग देखिने
- २ वटा स्वीमिङ्ग पुल
- २० देखि २५० जनासम्म अटाउने ३ वटा हलहरू
- नि:शुल्क वाईफाईको सुविधा
- आकर्षक गार्डेन तथा पर्याप्त हरियालीसँग आत्मीय कर्मचारीहरू



होटल फेवा प्रिन्स प्रा. लि.
चाउथे, कुँडहर
फोन: ०६१-५२४७०१, ५२७९५२
मो. ९८५६०२८६१८
फ्याक्स: ०६१-५२४८८१
The Most Specious Hotel In Pokhara
E-mail : fprince_pkr@wlink.com

**ज्योतिष वाणी - जन्मकुण्डलीको महत्व**

ललाटपट्टे लिखिता विधाता षष्ठीदिने या्ऽक्षरमालिका च ।
तां जन्मपत्री प्रकटीं विधत्ते दीपो यथा वस्तु घनान्धकारे ॥
जन्मदेखि छैटौंका दिन जातकको निधारमा भाग्यले जो लेखिदिन्छ, त्यसलाई प्रकट गर्ने काम जन्मकुण्डलीबाट हुन्छ, जस्तो कि अँध्यारोमा रहेको वस्तुलाई बलेको दियोले छर्लङ्ग देखाइदिन्छ।

# सम्पादकीय...

## धार्मिक वैज्ञानिक अनुसन्धानमा एक दिन

'स्वल्प मप्यस्य धर्मस्य त्रायते महतो भयात्' अर्थात् अलिकति धर्मको कारणले पनि भयङ्कर ठूलो डरबाट जोगिन सकिन्छ । भगवान श्रीकृष्णको यो गीताको भनाइबाट म अत्यन्तै प्रभावित छु । कक्षा ८ उत्तीर्ण भएपछि र धेरै पढ्ने इच्छा तीव्र भए तापनि धेरै दाजु भाइ भएको र कसैलाई पढ्न आउने कसैलाई नआउने भएपछि मैले पनि पढ्न पाउने भइन भनेर कुनै बाल्यकालको रातमा गम्भीर चिन्तन गरी सुतेपछि रातमा बाग्लुङ कालिका देवीले 'तिमीलाई म साथ दिन्छु । पीर नगर । यी यो फूल हात थाप' भनेर आकाशमा उडिरहेकी देखिने देवीले मेरो हातमा रातो फूल दिएको भोलिपल्टदेखि मेरो धार्मिक चेतना शुरु भएको हो । त्यै स्वप्नको प्रभाव स्वरूप बाटो खोज्दै जाँदा पर्वत खुर्कोट-३, निवासी वेदगुरु पं.बुद्धिसागरका छोरा दाजु केशवराज रेग्मीको सङ्गत गर्न पुगें । दाजु केशवराज रेग्मी हरिद्वारमा पढ्नु हुँदोरहेछ । भारतको गोरखपुरमा पढ्ने उमाकान्त पौडेल पनि आफ्नै गाउँका भएकाले दाजु केशवराज रेग्मीले भारतको गोरखपुर लगेर उमाकान्त पौडेलका साथ छोड्नु भयो सन् १९७२/७३ तिर ।

गोरक्षनाथ संस्कृत महाविद्यालयमा ६ महिना लघु कौमुदी पढ्न बस्दा धार्मिक गतिविधि जे देखियो त्यो कहिल्यै बिर्सन सक्ने जस्तो लाग्दैन । पुन: भारतको उत्तरप्रदेश हरिद्वारस्थित विभिन्न संस्कृत महाविद्यालयमध्ये गरीबदासीय संस्कृत महाविद्यालय मायापुर, ऋषि संस्कृत महाविद्यालय, खडखडी, रामानुज श्री वैष्णव संस्कृत महाविद्यालय भूपतवाला, मुक्तेश्वर संस्कृत महाविद्यालय गोरखपुर अध्ययन गर्दाको धार्मिक क्रियाकलापको प्रभाव ममा गहिरो छ । ऋषि संस्कृत महाविद्यालय खडखडी हरिद्वारका प्राध्यापक गुरु ब्रम्हानन्द बिडालिया मेरा परम आदर्श धार्मिक गुरु रहनुभयो जसको धार्मिक कार्यक्रम देखेको भरमा आज पनि गर्दैछु । चाहे भारतका संस्कृत महाविद्यालयमा संस्कृत पढ्दा होस् चाहे विश्व हिन्दू महासङ्घको आजीवन सदस्य भै सक्रिय रूपमा लागि पर्दा होस् अथवा विश्वहिन्दू महासङ्घ पर्वतको अध्यक्षको हैसियतले धौलागिरि अञ्चलस्तरीय धार्मिक गोष्ठी गर्दा होस् धार्मिक कार्यक्रममा जति मलाई आनन्द आउने अरू विषय कमै हुन्छन् । आज राष्ट्रिय धर्मसभाको सदस्य भई सक्रिय रूपमा लागी पर्न पाउनु आफूलाई अत्यन्तै भाग्यमानी भएको महसुस हुन्छ ।

धार्मिक पुस्तक भेटेसम्म खोजी-खोजी किन्नु मेरो विगत् तीस वर्षको स्वभाव रही आएको छ । यति हुँदा-हुँदै पनि धार्मिक क्रियाकलापमध्ये व्रतको सम्बन्धमा म त्यति धेरै सक्रिय रूपमा लाग्न पाइन । दिनभर ज्योतिष परामर्श, प्राध्यापन, पत्रकारिता, लेखनमा अति व्यस्त व्यक्ति पेशामा जस्ता पनि व्यक्ति खेलाउनेलाई व्रत गर्नु सम्भव के होला ? यस्तै यस्तै सोचले प्रत्येक पक्ष, हप्ता, वर्षभरिमा महत्वपूर्ण मानिने व्रत म गर्न सकिरहेको थिइन । त्यसो त मेरो घरमा प्रत्येक सोमवार कम्तिमा चारजनाले व्रत गर्दै आइरहेका थिए, व्रत गर्दै जानेछन् , यी व्रतालु सबै शिवजीका भक्त हुन् । मैले असम्भव नै मानेर प्रत्येक हप्ताको सोमबार व्रत गर्न डराएको थिएँ । तर गत फाल्गुन ८ गते सोमबार महाशिवरात्रिका दिन व्रत गर्न मन लाग्यो । अघि पछिका सोमबार सबै व्रत गर्थे, खाना खाने म मात्रै हुन्थें । फाल्गुन ८ गते मलाई पनि व्रत गर्न मन लागेपछि हाम्रो घरमा शतप्रतिशत व्रतालु भयौं । जो हामी एकसाथ छौं त्यो मात्र परिवारको कुरा हो ।

बिहान नित्य गर्ने पूजा पाठ पछि पोखरा चिसाखोला वेदविद्याश्रमको वार्षिकोत्सव कार्यक्रममा गइयो । धौलागिरि एफ.एम.बाग्लुङको साप्ताहिक ज्योतिष जागरण कार्यक्रम पनि चलाइयो तर दिनभरि ज्योतिष परामर्श दिइएन । सायद बिरामी भै सुतेको बेला बाहेक २०६८ सालभरिमा निर्धक्क बिदा मनाएको दिन फाल्गुन ८ गते शिवरात्रिका दिन मात्रै हो । विगत कैयौं वर्षदेखि हप्तामा त के वर्षौंसम्म एक दिन बिदा मनाइएको थिएन । शिवरात्रिको दिन शरीर हल्का अनुभव भएको थियो । शरीरमा नौलो प्रकारको वासना आइरहेको थियो । मनमा अतिप्रशन्नताको अनुभव भै रहेको थियो । भोकको महसुस कत्ति पनि थिएन । रातको खाना करिब ७ बजे खाइयो । शरीरमा कुनै प्रकारको आलस्यता हाइ-हाइ पनि एक पटक लागेन । यसरी दिनभरि व्रत गरेको दिन सम्भवत: या पितृ श्राद्धको दिन हुने गर्छ अन्यथा व्रत नगर्दाको दिन ढिलो खानु पर्दा भोकले पेट कटक्कै दुख्ने गर्थ्यो भने त्यो दिन कत्ति पनि त्यस्तो भएन ।

अबका दिनमा आफ्नी इष्टदेवी नवदुर्गा भवानीको नाममा होस् अथवा गणेश चौथी, अथवा महाशिवरात्रि, कृष्ण अष्टमी, शारदीय नवरात्रको बेला वार्षिक, साप्ताहिक, मासिक व्रतलाई राख्ने कार्यक्रम अधिकतम् गरिने छ भने ती व्रतको दिन के कस्ता उपलब्धि अनुभव भयो हाम्रा समस्त ज्योतिष भविष्यवाणी पाठकमाझ राख्ने प्रयास गरिनेछ । व्रत भनेको वास्तवमा एक प्रकारको प्रायश्चित्त हो । प्रायश्चित्त भनेको शारीरिक शुद्धि हो । जब शारीरिक शुद्धि हुन्छ तब मन पनि पवित्र हुन्छ । त्यसकारण पनि व्रत गर्नु सबै जातजातिका लागि अत्यन्तै उपयोगी क्रियाकलाप रहेछ । यदि हामीले व्रत गर्दाको दिनको बचेको अन्न दु:खी, गरीब अथवा गाईलाई खुवाउने गर्यौं भने के नेपालमा धेरै ठाउँमा गाई भोकभोकै हिंड्नु पर्ला ? पक्कै पर्दैन । त्यसकारण आफू पनि व्रत गरौं, आफ्ना बालबालिकालाई पनि व्रत बसाल्ने गरौं । यस्तो क्रियाकलापले हिंसाको अन्त्य हुनेछ । राष्ट्रिय रूपमा देश नै शान्तिमय हुनेछ ।

# भविष्यवाणी भेटवार्ता

## "ज्योतिष शास्त्रलाई विज्ञानसम्मत बनाउन जरुरी छ"


(डा.सरोज कोइराला)

**परिचय :** उच्च वर्गीय शैक्षिक र पण्डित परिवारमा पिता शिवप्रसाद कोइराला, माता देवी कोइरालाका २ छोरामध्ये कान्छा सुपुत्रका रूपमा वि.सं.२०३० साल मंसिर २९ गते शुक्रबारका दिन पोखरा-५,मालेपाटन, कास्की जिल्लामा जन्मनुभएका डा.सरोज कोइराला नेपाल प्राज्ञमञ्च पोखराको सदस्य, नेपाल बुद्धिजीवि परिषद कास्कीको सचिव हुनुहुन्छ । उहाँ वि.सं.२०५५ सालबाट पोखराको पृथ्वीनारायण क्याम्पसमा प्राध्यापन कार्यमा सक्रिय हुनुहुन्छ । शिक्षणमा विश्लेषणात्मक चिन्तनको तालिम समेत पूरा गर्नुभएका डा.कोइरालाले घरमै आफ्ना हजुरबुवा नरपति कोइरालाबाट सामान्य शिक्षा हासिल गरी आफ्नो ४ वर्षको उमेरमा चितवनको एक प्रा.वि.बाट शिक्षा आरम्भ गर्नुभई धर्मस्थली नि.मा.वि. पोखरा हुँदै बाराही उच्च मा.वि.बाट वि.सं.२०४५ सालमा एस.एल.सी.सम्मको अध्ययन पूरा गरी आई.ए., बी.ए., पोखराको पृथ्वीनारायण क्याम्पस, एम.ए. त्रिभुवन विश्वविद्यालय कीर्तिपुर काठमाडौंबाट पूरा गर्नुभएको हो । अध्ययनकै क्रममा उहाँले वि.सं.२०६७ सालमा 'कन्टेम्पोरेरी अमेरिकन पोइट्री : अ पोइटिक्स अफ पोल्टिक्स' शीर्षकमा विद्यावारिधि (पी.एच.डी.) गर्नुभएको छ । सानै उमेरमा राम्रै शैक्षिक प्रगति हासिल गरिसक्नु भएका डा.कोइरालाले नेपाल विद्याभूषण उपाधि प्राप्त गरिसक्नुभएको छ । उहाँ बाराही उच्च मा.वि., सूर्यचन्द्र विकास समाज, कोइराला समाजबाट सम्मानित भै सक्नुभएको छ । बोल्ने कलामा सानै उमेरदेखि निपुण र जुनसुकै कुरा सजिलै बुझाउन सक्ने कला भएकाले शिक्षक पेशा अत्यन्तै मन पराउनुहुने डा.कोइराला सूर्य विकास समाजका पूर्व अध्यक्ष, बाराही उच्च मा.वि विद्यालय व्यवस्थापन समितिका पूर्व अध्यक्ष, शान्ति निकेतन स्कूलको संस्थापक अध्यक्ष, नेपाल बुद्धिजीवि परिषद कास्कीका सचिव, नेपाल रेडक्रस सोसाइटीका आजीवन सदस्य, हयाबिटाट रिसर्चका सचिव, नेपाल प्राज्ञमञ्च पोखराका सदस्य लगायत दर्जनभन्दा बढी सङ्घ-संस्थामा आबद्ध हुनुहुन्छ । उहाँले रिफ्लेक्सन्स अन लिटरेरी वर्क्स कृति प्रकाशित गर्नुका साथै दुई दर्जनभन्दा बढी प्रतिवेदन तथा कार्यपत्रहरू तयार एवम् प्रस्तुत गरिसक्नु भएको छ । प्रस्तुत छ ज्योतिष भविष्यवाणी (साप्ताहिक)ले उहाँसँग भेटवार्ताको क्रममा गरेको कुराकानीको अंश :

ज्यो.भ.- डा.कोइरालाज्यू, तपाईंलाई हाम्रो ज्योतिष भविष्यवाणी साप्ताहिकमा हार्दिक स्वागत छ ।

डा.कोइराला - हजुर, धन्यवाद !

ज्यो.भ.- तपाईंले सानै उमेरमा पढाइ पूरा गर्नु भएको रहेछ । यति धेरै पढ्न कोबाट प्रेरित हुनुभयो ?

डा.कोइराला - पढाइ पूरा भएको छैन । पढेर कहिले सकिन्छ र ? पढ्ने प्रेरणा खासै कोहीबाट पाएको होइन । पढाइमा मेरो सानैदेखि एक खालको आफ्नै लगाव थियो । त्यही लगाव र पढाइजस्तो ठूलो कुरा अन्य केही हुन सक्दैन भन्ने कुराको ज्ञान सानैदेखि थियो । पढ्दै जाँदा पी.एच.डी गर्नमा भने बुबाको प्रेरणा थियो ।

ज्यो.भ.- तपाईं वि.सं.२०५५ सालबाट प्राध्यापन पेशा शुरु गर्नुभएको रहेछ । यस पेशामा नै आउनुको कारण ?

डा.कोइराला - यसमा आउनुको कारण मलाई प्राध्यापन पेशा अत्यन्तै मन पर्ने भएर हो । अर्को कारण ममा सानै उमेरदेखि राम्रो बोल्ने कला थियो । यसैको कारण शिक्षक भएर विद्यार्थीलाई मोटिभेट गर्न सक्ने क्षमता भएर । त्यस्तै अन्य भन्दा यो पेशा स्वतन्त्र र पवित्र भएकाले अन्यन्तै मन पर्छ ।

ज्यो.भ.- यो पेशामा नआएको भए अन्य के गर्नुहुन्थ्यो ?

डा.कोइराला - यो बाहेक अन्य मैले केही सोच्न सकिन र अब सोच्ने पनि छैन ।

ज्यो.भ.- तपाईंले पढ्दा र अहिले पढाउँदा शिक्षामा कति फरक पाउनुहुन्छ ?

डा.कोइराला - दुवैमा बढी जिम्मेवारी समानता हो । फरकमा विद्यार्थीले सधैं एकनासले पढ्नु पर्दैन भने शिक्षकले सधैं एकनासले पढाउनुपर्छ । विद्यार्थीभन्दा शिक्षक हुन अलि गाह्रो छ ।

ज्यो.भ.- तपाईं एउटा निजी विद्यालयको अध्यक्ष पनि हुनुहुन्छ । अहिले शिक्षामा व्यापारीकरण भएको जस्तो लाग्दैन ?

डा.कोइराला - म तपाईंलाई शुरुमा नै एउटा जानकारी गराउँछु । म संस्थापक अध्यक्ष भएको शान्ति निकेतन स्कूल पैसा कमाउने उद्देश्यले खोलिएको होइन । यसमा कत्ति पनि भ्रम नहोस् सबैमा यही आग्रह छ । यहाँ वरिपकि बालबालिकाहरू टाढा जान नपरोस् भन्ने हेतुले मात्र खोलिएको हो । शिक्षा व्यवसाय हो । सबै व्यवसायको उद्देश्य नाफा कमाउने हो । यो कुनै नौलो कुरा होइन र आपत्तिजनक जस्तो पनि लाग्दैन ।

ज्यो.भ. - शिक्षामा पनि राजनीति घुसेको छ नि । के भन्नुहुन्छ ?

डा.कोइराला - हो शिक्षामा अति राजनीति भएको छ । यो अति खराब छ । यसमा मेरो पनि आपत्ति छ । यसले शिक्षालाई नराम्ररी बिगारेको छ । यो म मान्दछु ।

ज्यो.भ. - कारण के होला ?

डा.कोइराला - यसमा धेरै कारण छन् । प्रजातन्त्र र लोकतन्त्र आउनुमा विद्यार्थी राजनीतिको निकै महत्वपूर्ण भूमिका रहेको छ । यो सकारात्मक र स्वागतयोग्य काम हो तर अहिले विद्यार्थी राजनीति सपार्नभन्दा बिगार्नेतिर लागिरहेको छ । यसमा वास्तविक विद्यार्थीले राजनीति गरेको छैन । यो नै मुख्य समस्या हो । आफू पढ्न नपरेपछि शिक्षाको मर्म र अन्य विद्यार्थीको पीडा कसैले बुझ्न नसकेर यस्तो भएको हो । त्यस्तै राजनैतिक दलहरूका नेताले शिक्षा क्षेत्रमा बसेर राजनीति गर्ने गरेकाले यस्तो हुन गएको हो ।

ज्यो.भ. - रोक्न सकिँदैन ?

डा.कोइराला - कानुनी व्यवस्था बनाएर शिक्षा क्षेत्रमा आवद्ध शिक्षक कर्मचारी कसैले पनि पार्टीको सदस्यता लिन नपाउने व्यवस्था गरेमा रोकिन्छ । यस्तो कार्य गर्न सबै पार्टी प्रतिवद्ध हुनुपर्छ । राजनीति शिक्षा क्षेत्रमा होइन समाजमा गएर गर्नुपर्छ । पार्टीको सदस्यता

बाँकी ५ पेजमा...

# टिकटमा मुक्तक कार्यक्रम सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : वि.सं.२०३५ सालदेखि टिकटमा मुक्तक कार्यक्रम गर्दै आएको पाखरेली युवा सांस्कृतिक परिवारको आयोजनामा यस पटक पनि टिकटमा मुक्तक कार्यक्रम पोखरामा सम्पन्न भएको छ ।

परिवारका अध्यक्ष शिव थापामगरको अध्यक्षता, प्राज्ञ बुँद रानाको प्रमुख आतिथ्यमा सम्पन्न कार्यक्रममा प्राज्ञ सरुभक्त, प्राज्ञ हरिदेवी कोइराला, तेजनाथ घिमिरे, प्रकट पगेनी 'शिव', लगायतका पोखरेली मुक्तककारका साथ आमन्त्रित स्रष्टाहरू प्रमुख अतिथि प्राज्ञ बुँद राना, वनमाली निराकार, पुष्प अधिकारी 'अञ्जली', इन्द्रकुमार विकल्प, चन्द्र भट्टचन, रुद्र ज्ञवाली, पोखरा उद्योग वाणिज्य सङ्घका अध्यक्ष कृष्णमोहन श्रेष्ठ, प्राज्ञ तीर्थ श्रेष्ठ लगायतले चोटिला मुक्तक वाचन गरेर दर्शकको मन जित्न सफल हुनुभएको थियो ।

कार्यक्रममा प्रमुख अतिथि बुँद रानाले हरेक तनावबाट मुक्ति दिलाउने विधा मुक्तक भएको बताउँदै ३३ वर्ष अघि पहिलो पटक मुक्तक कार्यक्रमका लागि पोखरा आएको स्मरण गर्दै मुक्तकलाई राष्ट्रव्यापी मान्यता दिलाएकोमा पोखरालाई आभार व्यक्त गर्नुभयो ।

त्यस्तै सहभागी व्यक्तित्व तथा टिकट काटेर मुक्तकलाई माया गर्ने पोखरेलीलाई धन्यवाद व्यक्त गर्दै परिवारका सल्लाहकार प्राज्ञ सरूभक्तले ३३ वर्षअघि शुरु भएको अभियानलाई सफल पार्न आजको पुस्ताले पनि उत्तिकै जोश जाँगर निकालेकोमा खुसी लागेको बताउँदै दुवै मृगौला पीडित कवि तीर्थ थापामगरलाई सहयोग गर्न आग्रह गर्नुभयो ।

हाम्रो रचनाको पनि मूल्य होस् भन्ने उद्देश्यका साथ आयोजित कार्यक्रममा रु.१ सय, १ हजार र विद्यार्थीहरूका लागि रु.५० को टिकट व्यवस्था गरिएको कार्यक्रममा करिब २५० जना मुक्तक पारखीहरूको सहभागिता रहेको थियो ।

## मुक्तक प्रतियोगितामा गुराँस प्रथम



लमजुङको वेशीशहरमा भएको पश्चिमाञ्चल क्षेत्रीय मुक्तक प्रतियोगितामा तनहुँका मुक्तककार तथा पत्रकार अमृत सुबेदी 'गुराँस' प्रथम हुनुभएको छ ।

बेसीशहरमा जारी तेस्रो लमजुङ महोत्सवको अवसरमा साहित्य तथा नाट्य उप-समितिको आयोजनामा भएको क्षेत्रीय मुक्तक प्रतियोगितामा गुराँस प्रथम हुनुभएको हो । उहाँले ७ हजार रुपैयाँ र प्रमाण-पत्र प्राप्त गर्नुभएको छ ।

त्यस्तै प्रतियोगितामा स्याङ्जाका मिलन समीर द्वितीय र पोखराका हरिमाया पराजुली तृतीय हुनुभएको छ। त्यस्तै, रुपन्देहीका ओम क्षितीज र मुस्ताङका सुशिल थकालीले शान्त्वना स्थान हाँसिल गर्नुभएको छ । ३८ जना सहभागी भएको प्रतियोगितामा पहिलो चरणमा २० जना र दोस्रो चरणमा १० जना मुक्तककार छनोट गरी महोत्सव मूल समारोहमा वाचन गरिएको थियो ।

प्रतियोगितामा द्वितीय, तृतीय र शान्वनाले क्रमशः ५ हजार, ३ हजार र १ हजार ५ रुपैयाँ र प्रमाण-पत्र पाप्त गर्नुभएको छ । विजेतालाई मुक्तकमा विद्यावारिधि गर्नुभएका डा.मुरारी शर्मा र नाट्य समितिका संयोजक नवीनचन्द्र घिमिरेले पुरस्कार प्रदान गर्नुभएको थियो ।

कार्यक्रममा डा.शर्माले पछिल्लो समयमा मुक्तक अत्यन्त लोकप्रिय विधाका रूपमा स्थापित भएको र नेपालमा प्रायः रुवाई शैलीका मुक्तकले मात्र बढी ठाउँ पाएकाले सबैखाले मुक्तकलाई ठाउँ दिनुपर्ने बताउनुभयो ।

मूल्याङ्कन समितिका संयोजक तथा मुक्तककार रमेश पौडेलले मुक्तकले छोटो र सरल शैलीमा सबै विषयवस्तुलाई जोडदार प्रहार गर्न सक्ने भन्दै पछिल्लो समयमा मुक्तकले नेपाली साहित्यमा नयाँ वहार ल्याएको बताउनुभयो । त्यस्तै, पोखरेली साहित्यकार रुपिन्द्र प्रभावी 'कटु'ले साहित्य पछिल्लो समयमा सबैभन्दा उत्पादन तथा उन्नतशील रूपमा विकास भएको बताउँदै उद्योग, कलकारखाना, व्यापार व्यवसाय जस्तै साहित्य पनि उत्पादन तथा उन्नतशील हुने उहाँको भनाइ थियो। कार्यक्रममा साहित्यकार गोविन्दबहादुर कुँवर, हिमालचुली साहित्य संगमका अध्यक्ष आनन्द घिमिरे लगायतले बोल्नुभएको थियो । प्रतियोगितामा प्रथम स्थान हासिल गर्नुभएका पत्रकार तथा मुक्तककार गुराँसले गत वर्ष पनि शिवरात्रिको अवसरमा लमजुङकै करापुटारमा गण्डकी अञ्चलस्तरीय कविता संगोष्ठीमा प्रथम हुनुभएको थियो ।

# १२४औं साहित्य शृङ्खला सम्पन्न

ज्योतिष भविष्यवाणी

**पोखरा** : १२४औं साहित्य शृङ्खला तथा प्रगतिवादी साहित्यकार घनश्याम ढकालको स्मृति विशेष कार्यक्रम पोखरामा सम्पन्न भएको छ । गत फाल्गुन १ गते सडक दुर्घटनामा परी निधन हुनुभएका शृङ्खलाका सल्लाहकार ढकालको स्मृति विशेष कार्यक्रम गर्दै शृङ्खलाले आफ्नो १२४औं भाग सम्पन्न गरेको हो ।

साहित्य शृङ्खलाका संयोजक भीम रानाभाटको अध्यक्षतामा सम्पन्न कार्यक्रममा डा.कृष्णराज अधिकारीले स्वर्गीय ढकालको चर्चा गर्नुभएको थियो ।

त्यस्तै कार्यक्रममा अम्बिका भण्डारी, सुरज उपाध्याय, परिवर्तन, धर्मराज पौडेल, 'अल्पायू', विभाष, करुणा भण्डारी, विष्णुप्रसाद बाँस्तोला, फडिन्द्र अकिन्चन, जीवन पौडेल, विजया सुवेदी, सुरेस रानाभाट, शिव बराल, यादवराज उपाध्याय, लक्ष्मण गौतम 'हिमाली', अल्पविराम, शोभाकान्त गौडेल, छवि सुवेदी 'विजयी', मदन भण्डारी, चूडामणि खनाल, सुस्मा पौडेल, राजेन्द्र चापागाइँ 'आहात', परशुराम कोइराला, सरस्वती प्रतीक्षा, लेखनाथ साहित्य प्रतिष्ठानका अध्यक्ष पदमराज ढकाल, सुरेस थापामगर, कुलबहादुर के.सी., तीलक पराजुली, दीर्घप्रसाद पाण्डे, नारायण परिश्रमी, नुमराज बराल, प्रा.डा.भवानी पाण्डे, रघुनाथ अधिकारी, मानव अधिकारकर्मी टेकनाथ बराल, प्राज्ञ सरूभक्त, लोककवि अलिमिया वाङ्मय प्रतिष्ठानका अध्यक्ष हनिफ मिया र नारायण मरासिनी लगायतले साहित्यिक अभिभावक गुमाएको बताउनु भएको थियो।

## हिन्दू राष्ट्रमा शिव



नित्यानन्द भुर्तेल
माफ्ठाना-६, कास्की

शिवरात्रिका शिव शङ्कर महादेव भोला
हिन्दू धर्म पुरानो छ नचलाउनु होला ।
शिवजीको आराधना मन्दिरमा आए
भक्तहरू खुसी भई नाच्न गाउन लाए ।।

हिन्दू राष्ट्र नेपालको यही पहिचान होला
भक्तहरूको निधारमा रातो टीका होला ।
गुनियो चोली रातो टीका कति राम्रो लाका
ओम नमः शिव भनी भक्तले भजन गाका ।।

यस्तो राम्रो संस्कृतिमा किन आँच आउँछ
भित्रभित्रै भक्तहरूको आत्मा रोइ राछ ।
मूर्खहरूले गर्दाखेरी बाहिर बोलेका छैनन्
मठ-मन्दिरका सन्तमन्त किन बोलेका छैनन् ?

हिन्दू राष्ट्र नरहे जातजातिमा कलह
राष्ट्रै नरहे पूजा गर्दा के को पाउनु फल ।
सोमवारको शिवरात्रि कस्तो शुभ रैछ
स्वामीज्यूले हिन्दू राष्ट्र हुन्छ भन्नु भैछ ।।

पशुपतिको शिवभक्ति स्वामीज्युमा गए
त्यही भएर हिन्दू राष्ट्र चाहिन्छ भन्नी भए ।
पशुपतिबाट भाको पुकार सब्ले बुझिदेउ
स्वामीज्यूको आह्वान भयो जनता साथ देउ ।।

ब्राम्हण, क्षेत्री, वैश्य, शुद्र हातमा त्रिशुल लेउ
पापीहरूलाई राष्ट्रबाट अब भगाइदेउ ।
डाँका चोर पापीहरू धर्म मेट्न लाछन्
भित्रभित्र पापीहरू पागल हुँदै गाछन् ।।

शिवजीले स्नान गर्ने वागमती ढल भैछ
काठमाण्डौका जनताको ध्यान कता गैछ ।
सबै दुष्ट पापीहरूलाई माताको सन्देश जाहोस्
हिन्दू राष्ट्र बचाउनलाई जनता उर्ली आवोस् ।।

## साहित्य



कृष्णलाल न्यौपाने
धनगढी-६, कैलाली

यो सारा प्रकृति गाई ग्वाला हुन् कवि लेखक
बाच्छो हो कविको ताजा स्वच्छ मौलिक कल्पना ।
दुहुँदा कविले स्वच्छ ताजा त्यो स्वास्थ्यवर्धक
निस्कने दूध अमृत साहित्य मान्नु पर्दछ ।।

त्यो सौन्दर्य मनोहरा प्रकृति नै विशाल ठेकी गरी
त्यै ठेकीबीच राख्नु पर्दछ तिखो बुद्धि मधानी पनि ।
लामो नेती छ कल्पना फनफनी घुम्ने मधानी जहाँ
घुर्रो बन्छ मधानी हिल्न नदिने त्यो शब्द विन्यासमा ।।

दही पानी सरसता-सरसता ले ठेकी पूरा भरी
ज्वाला ती कविजी र लेखक मिली भन्छन् निकै जोडगरी ।
घेरा लाग्छ मधानीको वरिपरि उत्रेर छातो जहां
त्यो अमृत समान मख्खन मिठो साहित्यको लोकमा ।।

हराभरा प्रकृति नै विशाल ठेकी हो भने
मधानी हो तिष्ण बुद्धि ठेकीभित्र लगाउने ।
नेती हो कल्पना ताजा मधानीलाई बेरने
शब्द विन्यास नै घुर्रो मधानीलाई थामने ।।

सरसता-सरसता दही र पानी नै हुने
कवि लेखक हुन् ग्वाला भन्छन् संयमी भैकन ।
मन्दा छातीमहाँ पानी छोडी उत्रन्छ जुनचिज
हो साहित्य मिठो नौनी पढ्नेले स्वाद पाउँछ ।।

## कविता !

फाल्गुना दाहाल
धनगढी-८,कैलाली

नेपाली यो धर्ती थिचिएको मिचिएको
हेर न साथी अस्तित्व नै मेटिएको ।

जोगाएको पुर्खाले आहुति दिएर
पानी पिउन नपाइ तातो गोली खाएर ।

पुर्खाको बलिदानले के सम्मान पायौ खै
उल्टै नेपाल आमाको अस्मिता मेटियो है ।

मन्त्री र प्रधानमन्त्री पदले भूमि भयो धरासायी
के लोकतन्त्र, के गणतन्त्र बुझ्नै गाह्रो हाई ।

महत्वपूर्ण निर्णयहरू भएका छन् राती
देशै बेच्ने भत्ता खाने नेताहरू जति ।

दुर्दशा देखी देशभक्तका आँसु झर्छन् बरबर
नेपाल आमा सन्तानदेखि रुँदै काम्छिन् थरथर ।

## धोको !

मुक्तक



शङ्कर ज्ञवाली
सिद्ध उच्च मा.वि.
पोखरा-१५, फलेपाटन, कास्की

म मात्र अटिन कि संसार अट्ने मनभित्र
कोइली बास पाइन कि बाघ लुक्ने वनभित्र
तिलको दाना अटेन कि धान राख्ने धन्सारमा
मै अचाड्ड भाछु भैगो माया रुपी संसारमा
।।१।।

हुनेखाने भए पनि नगर भो हेला
छेउको सियो माझबारीमा हुन्छ कुनै बेला
एक माघले जाडो जान्न आउँछ अर्को मास
फरक छन् ऋतु सबै छैनन् एकै नास
।।२।।

नखोज भो कोइली बनी कागको फुल चोर्न
निकै चतुर भाछौ आजकल शब्दजाल भर्न
काग बाठो भए पनि विस्टा खाने गर्छ
अरिङ्गालले पराई डस्छ आफू चाँडै मर्छ
।।३।।

दाउरा काट्ने निहुँ पारेर रानी वन्मा बसी
छेल पारेर पोत्थ्यानको वात मारौंला बसी
एकै दिनमा सकिदैन मनभरिका कुरा
फेरिफेरि भेट्न पाए हुने थे नि पूरा ।।४।।

# साङ्ग्रिलाको शाखा विस्तार

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरामा प्रधान कार्यालय रहेको साङ्ग्रिला डेभलपमेन्ट बैङ्कले फाल्गुन ५ गते अमरापुरी-४, नवलपरासीमा आफ्नो १३ औं शाखा कार्यालयको स्थापना गरेको छ ।

बैङ्कका अध्यक्ष विश्वास गौचनले यस शाखाबाट थप सेवा सुविधा दिई स्थानीय क्षेत्रको आवश्यकता अनुसार बचत तथा कर्जा लगानी गरिने बताउनुभयो ।

कार्यक्रममा प्रमुख अतिथि डा.रविन्द्रप्रसाद श्रेष्ठले यस ठाँउको बैङ्किङ आवश्यकता पूर्ति सरल सुलभ तरिकाले गर्न साथै जनता बैङ्क मुखीभन्दा पनि बैङ्क जनतामुखी हुनुपर्ने भएकोले शाखा विस्तार गरेको बताउनुभयो। उद्घाटन कार्यक्रममा गायिका कोमल ओलीको मनोरञ्जनात्मक साङ्गीतिक प्रस्तुतिका साथै विजय एफ.एफ.का रमेश क्षितिजले हास्य प्रस्तुति गर्नुभएको थियो । कार्यक्रममा ४० जनाले रक्तदान गरेका थिए । सर्वसाधरण जनताले विभिन्न शीर्षकमा बचत खाता खोलेका थिए ।

कार्यक्रममा स्थानीय वुद्धिजीवि, राजनैतिक दलका प्रतिनिधिहरु, सामाजिक व्यक्तित्वहरु, उद्योगी व्यापारी एवं गा.वि.स. सचिवहरु लगायतले मन्तव्य व्यक्त गरेका थिए । कार्यक्रममा स्थानीयबासीहरुको उल्लेख्य सङ्ख्यामा उपस्थिति रहेको थियो ।

# सबलाइममा बिदाई

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखराको रत्नचोकमा रहेको सबलाईम उच्च माविमा यसवर्ष कक्षा १० बाट उत्तीर्ण विद्यार्थीहरुलाई एक कार्यक्रमको आयोजना गरी बिदाई गरिएको छ ।

विद्यालयका सह-प्राचार्य त्रिभुवन पराजुलीको सभापतित्वमा सम्पन्न कार्यक्रममा विद्यालयका शिक्षक/शिक्षिका, ९ र १० का सम्पूर्ण विद्यार्थीहरूको सहभागिता रहेको थियो । कक्षा ९ को आयोजनामा सम्पन्न बिदाई कार्यक्रममा विद्यालयका सह-प्राचार्य त्रिभुवन पराजुलीले कक्षा १० बाट उत्तीर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन गर्दै एस.एल.सी.को सफलताको शुभकामना व्यक्त गर्नुभएको थियो।

कक्षा १० बाट उत्तीर्ण ५३ जना विद्यार्थीलाई विद्यालयका शिक्षक, शिक्षिका र कक्षा ९ का विद्यार्थीहरुले खादा, अविर र मायाको चिनो प्रदान गर्दै बिदाई गर्नुभएको थियो । शिक्षक रामजी अधिकारीले विद्यार्थीहरुको सफलताको कामना गर्नुभएको थियो । बिदाई कार्यक्रमको साथमा बनभोज कार्यक्रम समेत गरिएको थियो ।

# पोखरा विश्वविद्यालयमा दीक्षान्त

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : कास्कीको लेखनाथमा रहेको पोखरा विश्वविद्यालयमा नवौं दीक्षान्त समारोह सम्पन्न भएको छ । दीक्षान्त समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री डा.बाबुराम भट्टराईले मुलुक संक्रमणकालीन अवस्थामा रहेको चर्चा गर्दै जति सक्दो चाँडो जनचाहना अनुरूपको संविधान निर्माण गरेर संक्रमणबाट पार गर्दै आर्थिक विकासतर्फ फड्को मार्नुपर्नेमा जोड दिनुभएको छ ।

सङ्घीय ढाँचासहितको संविधान बनाउनु, गरिबी, बेरोजगारी र महङ्गीबाट पीडित जनतालाई राहत प्रदान गर्नु, ढिलासुस्ती र भ्रष्टाचारबाट आक्रान्त राज्य व्यवस्थालाई सुशासन प्रदान गर्दै आर्थिक विकासको प्रारूप तयार पार्नु अहिलेको चुनौति रहेको बताउनुभयो । पोखरा विश्वविद्यालयका कुलपति समेत रहेका प्रधानमन्त्री डा.भट्टराईले राष्ट्रका प्राथमिकतालाई सम्बोधन गर्दै विकसित र समृद्धशाली राष्ट्र निर्माणका लागि नागरिकलाई दायित्व बोध गराउने जनशक्ति पोखरा विश्वविद्यालयले उत्पादन गर्नेमा आफू विश्वस्त रहेको बताउनुभयो ।

समारोहमा २०६८ साल माघसम्म ट्रान्स्क्रिप्ट लिएका विभिन्न शैक्षिक कार्यक्रमका तह पार गरेका १ हजार ३ सय ७८ जना विद्यार्थीलाई प्रधानमन्त्री डा. भट्टराईले दीक्षित गर्नुभएको थियो। उहाँले दीक्षित हुने विद्यार्थीहरुबाट देशले धेरै आशा गरेको बताउनुभयो।

पोखरा विश्वविद्यालयले विज्ञान तथा प्रविधि सङ्काय, व्यवस्थापन सङ्काय र मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत देशका विभिन्न क्षेत्रमा आफ्ना ४ वटा आङ्गिक महाविद्यालय र ४९ वटा सम्बन्धन प्राप्त महाविद्यालयहरू मार्फत विभिन्न प्राविधिक एवम् साधारण विषयमा स्नातक, स्नातकोत्तर र एम.फिल.तहको अध्ययन र अध्यापन हुँदै आएको छ। विश्व विद्यालयका उपकुलपति प्रा.खेगन्द्रप्रसाद भट्टराईका अनुसार ती सबै तहमा कुल ४९ वटा कार्यक्रम सञ्चालनमा रहेका छन् । उहाँका अनुसार सम्बन्धन प्राप्त महाविद्यालयहरूमध्ये मध्यमाञ्चलमा २८ वटा, पश्चिमाञ्चलमा १४ वटा, मध्यपश्चिमाञ्चलमा ३ वटा र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ४ वटा सञ्चालित रहेका छन् ।

# बृहत्....

संयोजकत्वमा ३८ वटा उप-समितिहरू गठन गरिएको छ । जसको उप-संयोजकमा कर्णेल रामकाजी गुरुङ, प्रचार-प्रसार संयोजक बलराम ढुङ्गाना, सह-संयोजकमा कुमार के.सी. रहनुभएको छ ।

महायज्ञमा १० लाखसम्म सहयोग गर्नेलाई रामनामी ओढाइने, नाम पत्र-पत्रिकामा प्रकाशित गर्ने, दोसल्ला ओढाउने, शिलालेखमा तीनपुस्ते नाम लेख्ने, बाजागाजा सहित घरबाट ल्याउने लाने व्यवस्था र सम्पूर्ण परिवारलाई मन्दिरको आजीवन सदस्यता प्रदान गर्ने व्यवस्था रहेको छ भने सोभन्दा माथि सहयोग गर्नेलाई समितिले निर्णय गरेर सम्मानित गरिने बताइएको छ।

# पोखरा चिसाखोलाको साधारणसभा

✎ज्योतिष भविष्यवाणी

**पोखरा** : पोखरा चिसाखोला वेद विद्याश्रमको १३औं वार्षिक साधारण सभा सम्पन्न भएको छ । भगवती अधिकारीको सभापतित्व, शिक्षा सचिव किशोर थापाको प्रमुख आतिथ्यतामा कार्यक्रम सम्पन्न भएको थियो । वार्षिक साधारणसभामा शिव मन्दिर प्राणप्रतिष्ठा उद्घाटन, नवनिर्मित कक्षा कोठा भवनको उद्घाटन, प्रमुख संरक्षक दातालाई सम्मान, आजीवन सदस्यता प्रमाणपत्र वितरण, २६ जना बालकहरूको सामूहिक व्रतवन्ध जस्ता कार्यक्रम गर्दै सम्पन्न गरिएका थिए ।

कार्यक्रममा क्षेत्रीय शिक्षा निर्देशक गोपालकृष्ण पौडेल, पाठ्यक्रम विकास केन्द्र सानोठिमीका उपनिर्देशक शम्भुप्रसाद दाहाल, कास्कीका जिल्ला शिक्षा अधिकारी चन्द्रकान्त भुषाल, मुस्ताङका जिल्ला शिक्षा अधिकारी विष्णुप्रसाद अधिकारी, ज्योतिष पत्रकार महासङ्घ नेपाल राष्ट्रिय समितिका अध्यक्ष डा.बलराम उपाध्याय रेग्मी लगायतको उपस्थिति रहेको सो कार्यक्रममा संस्थाको वार्षिक प्रतिवेदन प्राचार्य श्रीराम तिमिल्सिनाले प्रस्तुत गर्नुभएको थियो ।

संस्थाका संस्थापक अध्यक्ष पं.मोक्षनाथ तिमिल्सिना, मणिरत्न अधिकारी वक्ता रहनुभएको कार्यक्रममा कार्यक्रम सञ्चालन बालकृष्ण अधिकारीले गर्नुभएको थियो ।


## हाम्रा ज्योतिषसम्बन्धी सेवाहरू

१. भर्खरै जन्मेका बच्चा/बच्चीको हालसम्म चिना जन्मकुण्डली बनेका छैनन् भने यहाँ नयाँ चिना बनाइन्छ ।
२. पुराना कच्चा कागजमा बनेका, फाटेका धुजा हुन लागेका वा मेटिन लागेका चिना फेरि नयाँ बनाइन्छ ।
३. चिना र हस्तरेखाबाट तुलनात्मक अध्ययन गरी शतप्रतिशत भूत, वर्तमान, भविष्यका बारेमा लिखित ग्यारेण्टी तथा अडियो क्यासेटमा रिकर्ड गरी ज्योतिष भविष्यवाणी गरिन्छ ।
४. ज्योतिष व्यवसायी तालिम संस्थागत तथा पत्राचार, टेलिभिजन तथा रेडियोमार्फत् दिइने व्यवस्था चलिरहेको छ ।
५. ज्योतिष चिकित्सा परामर्श सेवा नियमितरूपमा सञ्चालित छ । अन्यत्रको उपचार नलागेका व्यक्तिहरू सम्पर्क गरी सो सेवा लिइरहनुभएको छ ।
६. पुरानाभन्दा पुराना रोग पत्ता लगाइन्छ, नाडी विचार गरिन्छ । ज्योतिष र औषधीको तुलनात्मक उपचारबाट विरामी ठीक गरिन्छ ।
७. ज्योतिष भविष्यवाणी पत्राचारबाट पनि लेखिपठाउने व्यवस्था छ ।
८. नेपाली कागजमा तथा आधुनिक सर्टिफिकेट मोडलमा छापा विभिन्न २/४/८ कुण्डलीका फर्म यहाँ किन्न पाइन्छ ।
९. ज्योतिष जागरण (मासिक), ज्योतिष भविष्यवाणी (साप्ताहिक), ज्योतिष आवाज (मासिक), स्वयं ज्योतिषी, ज्योतिष उपचार, हाम्रा प्रकाशन खोजी-खोजी पढ्नुहोस् । ज्योतिषमा आइपर्ने काम आफैं गर्नुहोस् ।
१०. एकसय वर्षका पुराना पात्राहरू चाहिएमा हामी हेर्ने सुविधा दिन्छौं ।
११. रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट विगत दश वर्षदेखि नियमित सञ्चालित साप्ताहिक 'ज्योतिष भष्यिवाणी' कार्यक्रम प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म प्रशारित भइरहेको छ । सुन्दै गर्नुहोला । यस कार्यक्रममा पत्र पठाउँदा कुनै शुल्क लाग्ने छैन ।
१२. प्रत्येक हप्ताको सोमवार बेलुकी ५ देखि ६ बजेबीच धौलागिरी एफ.एम.९८.६ बाग्लुङबाट हाम्रो साप्ताहिक कार्यक्रम 'ज्योतिष जागरण' सञ्चालन भै रहेको छ सुन्दै गर्नुहोला ।



वरिष्ठ ज्योतिष भविष्यवक्ता
डा. बलराम उपाध्याय रेग्मी
ज्योतिष भविष्यवाणी (साप्ताहिक)
खुर्कोट-४, पर्वत, धौलागिरी, नेपाल
हाल पोखरा-२, अर्चलबोटचोक, कास्की, नेपाल पो.ब.नं. 207, पोखरा, नेपाल ।
फोन/फ्याक्स - +977-61-540347
मोबाइल फोन नं. +977-9856020914 (Direct)
E-mail: jbweekly@fewanet.com.np
Website: www.jbweekly.com



## ज्योतिष भविष्यवाणी परामर्श केन्द्र

**प्रधान संरक्षक अधिवक्ता डा.बलराम उपाध्याय रेग्मी**
**ज्योतिष भविष्यवक्ता ज्यो.सुश्री सीता रेग्मी**



**भेटने समय** : बिहान १० बजेदेखि बेलुकी ५ बजेसम्म/
**फोन सम्पर्क** : ९८४६२१८८१५, ९७२६१५३६८३

**हाम्रा ज्योतिष सम्बन्धी सेवाहरू**

१) सबै प्रकारका जन्मकुण्डली अंग्रेजी, नेपाली, हिन्दी भाषामा बनाउने,
२) अशुद्ध, अधुरा जन्मकुण्डली चेक गर्ने,
३) जन्मकुण्डली तथा हस्तरेखाको आधारमा लिखित भविष्यवाणी गर्ने,
४) ज्योतिष सम्बन्धी उपचार बारे विस्तृत परामर्श दिने,
५) जन्मदेखि मृत्युपर्यन्त गरिने धार्मिक कर्मकाण्डबारे संयोजन गरिने ।

**अनुभव**:- (१) विगत १३ वर्षदेखि ज्योतिष शिक्षाको माध्यमबाट सशक्त सामाजिक सेवा गर्दै आएको (२) वि.सं. २०५५ पौष १४ गतेदेखि ज्योतिष भविष्यवाणी (साप्ताहिक) मोरङ (हाल कास्की स्थित कार्यालयको) पर्वत जिल्ला संवादाता (३) आजीवन सदस्य- अन्तर्राष्ट्रिय ज्योतिष अनुसन्धान प्रशिक्षण एवं भविष्यवाणी केन्द्र, पर्वत, धौलागिरी, नेपाल (४) पूर्व सचिव नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति (५) आजीवन सदस्य कर्णधार (मासिक) पोखरा, प्रधान सम्पादक- डा. भूपति ढकाल "कमल"र (६) आजीवन सदस्य- पोखरा ज्योतिष महाविद्यालय, पोखरा नेपाल शैक्षिक योग्यता- ज्योतिष डिप्लोमा (७) दक्षिण एशियाली ज्योतिष महासंघको आजीवन सदस्य, एशियाली ज्योतिष महासम्मेलन गौहाटी, काठमाण्डौंबाट स्वर्णपदक प्राप्त (८) अन्तर्राष्ट्रिय ज्योतिष महासम्मेलन भारत राजस्थान अजमेरबाट स्वर्णपदक तथा मध्यप्रदेश इन्दौरबाट ज्योतिष चन्द्रिका उपाधि प्राप्त (९) सदस्य- नेपाल पत्रकार महासंघ कास्की शाखा, नेपाल (१०) केन्द्रिय सदस्य- नेपाल ज्योतिष पत्रकार संघ राष्ट्रिय समिति, नेपाल ।

पृष्ठ २ को बाँकी...

लिने अनि सरकारी तलब खाने प्रवृति उचित होइन ।

ज्यो.भ. - तपाईंले पनि राजनीति गर्नुभयो होला नि ?

डा.कोइराला - मैले राजनीति गरिन ।

ज्यो.भ. - राजनीतिलाई कसरी बुझ्नुहुन्छ ? अहिले नेपालको राजनीति कस्तो लाग्छ ?

डा.कोइराला - राजनीति आफैमा नराम्रो कुरा होइन । सैद्धान्तिक रूपमा राजनीति भनेको राष्ट्रको र जनताको सेवा गर्नु हो । यसमा सबैले फोहोरी खेल भने पनि वास्तवमा राजनीति त्यस्तो होइन । अहिले नेपालको राजनीति ठीक ठाउँमा छैन । देश र जनताको सेवा गर्नेतिर कोही पनि लागेनन् सबै आफ्ना स्वार्थ पूर्ति गर्नेतिर लागे यो दुःखद् कुरा हो । राजनीति भारतमा महात्मा गान्धी, नेपालमा धर्मभक्त माथेमा, शुक्रराज शास्त्री लगायतले गरेको जस्तो हुनुपर्दछ । उनीहरूले गरेको राजनीति सही थियो ।

ज्यो.भ. - तपाईंको विचारमा राजनीतिमा आएका मुख्य प्रजातन्त्रवादी सिद्धान्त र मार्क्सवादी कम्युनिस्ट सिद्धान्त कुन उपयुक्त हो ?

डा.कोइराला - विचार दुवै ठीक छन् । प्रजातन्त्रमा मानिसलाई बढी स्वतन्त्रता छ । कम्युनिस्ट विचारले पनि पिछडिएका वर्गहरूलाई अगाडि ल्याउन मद्धत गर्दछ । विचार कुनै पनि नराम्रो छैन । गलत प्रयोग भएकाले गलत काम हुन गएको हो । मलाई उदारवादी वामपन्थी विचार मनपर्छ ।

ज्यो.भ. - अहिले देशको शासन व्यवस्था र अन्य कुरामा निकै बहस चलिरहेको छ नि ?

डा.कोइराला - यो जनताको चासोको विषय नै होइन । यसमा कुनै विवाद गर्नुपर्ने अवस्था नै होइन । देशको र जनताको भलो हुने काम गरे देशमा जुन व्यवस्था भए पनि केही फरक पर्दैन ।

ज्यो.भ. - विविध कारणले देशका युवाशक्ति विदेश पलायन भएका छन् नि । के भन्नुहुन्छ ?

डा.कोइराला - राजनैतिक अस्थिरता र नेपालीको दरिद्रपन भएकाले यस्तो भएको हो । विदेशमा जस्तोसुकै काम गर्ने तर त्यही काम स्वदेशमा नगर्ने भएर यस्तो भएको हो । यहाँ निश्चित कामलाई मात्र राम्रो मानेकाले नेपालीले दुःख पाएका हुन् ।

ज्यो.भ. - यो रोक्न सकिँदैन त ?

डा.कोइराला - सकिन्छ । विदेश जान हुन्न भन्ने पक्षमा म छैन । तर जस्तोसुकै काम गर्न विदेश नै जानुपर्छ भन्ने पनि होइन । देशमा नै हरेक खालका अवसरहरू छन् । विदेशमा आर्जन गरेका सीप र कमाइलाई उत्पादनशील कार्यमा लगाउनुपर्छ । यसमा राज्यले पनि ध्यान दिनुपर्‍यो र जनताले पनि सोचाइमा परिवर्तन ल्याउनुपर्‍यो । कुनै पनि कामलाई सानो मान्नु हुँदैन ।

ज्यो.भ. - देशको युवा शक्तिलाई के भन्नु हुन्छ ?

डा.कोइराला - समग्र युवा शक्तिमा जिम्मेवारी छैन । सबैले अधिकार खोजेर कर्तव्य बिर्सेका छन् । आफ्नो देशको संस्कृतिलाई बिर्सेर विदेशी संस्कृतिमा रमाउन पुगेका छन् । राजनीति गर्ने युवाले राजनीति मात्र नगरी राष्ट्रिय भावनाबाट ओतप्रोत हुने खालका चेतना जगाउने खालका काम गर्न आग्रह गर्न चाहन्छु ।

ज्यो.भ. - अब कुराको प्रसङ्ग बदली ज्योतिष सम्बन्धी कुरा गरौं । तपाईं ज्योतिषमा विश्वास गर्नु हुन्छ कि हुन्न ? तपाईंको विचारमा ज्योतिष के हो ?

डा.कोइराला - मेरो ज्योतिष विज्ञानप्रति सकारात्मक धारणा छ । ज्योतिष एउटा गणित विज्ञान हो। पूर्वीय सभ्यताको ज्ञानको प्राचीन भण्डार हो ।

ज्यो.भ. - अहिलेको ज्योतिष शिक्षा कस्तो लाग्छ ?

डा.कोइराला- अहिले सबैले आफूलाई ज्योतिषी भनिरहेका छन् । अध्ययन अनुसन्धान नगरेका मानिस पनि ज्योतिष पेशामा घुसेका छन् । यसले ज्योतिष पेशालाई नै हलुङ्गो बनाएको छ । मेरो हजुरबुवा पनि ज्योतिषी हुनुहुन्थ्यो । उहाँले पनि राम्रो भविष्यवाणी गर्नुहुन्थ्यो । उहाँलाई अन्य काम गर्न दिएको खर्च लिएर घरबाट भागेर पर्वतको पाङमा गएर पढेर ज्योतिषी बन्नु भएको थियो।

ज्यो.भ. - हजुरबुबाले ज्योतिषको के-के काम गर्नुहुन्थ्यो ?

डा.कोइराला - मेरो हजुरबुवाको काम खासै याद छैन किनकि हामी सानै थियौं त्यसबेला । मेरो हजुरबुवा नरपति कोइराला ज्योतिषीसँगै बाराही उच्च मा.वि.को शिक्षक पनि हुनुहुन्थ्यो । उहाँले घरबाट भागेर पर्वत जिल्लाको पाङ गई ज्योतिष पढेर ज्योतिषको काम गर्नुभयो । हो, यस्तै अध्ययन अनुसन्धान गरेर मात्रै ज्योतिषी बनेमा राम्रो हुन्छ भन्न खोजेको मैले । मेरा हजुरबुबाले पात्रो, टिपन, चिना बनाउँदा पातला नेपाली कागजका पाताहरूलाई बोटमा फल्ने पाङ्ग्राहरूको प्रयोग गरी भातको माड लगाएर सुकाई बाक्लो कार्डबोर्ड जस्तो कागज तयार गरी बाँसका कलमले लेखेर तयार गर्नुभएको कुरा बाराही उच्च मा.वि.को स्मारिकामा पूर्व जिल्ला शिक्षा अधिकारीले समेत उल्लेख गर्नुभएको छ ।

ज्यो.भ. - तपाईं अहिलेसम्म ज्योतिषीकहाँ हेराउन जानुभएको छ ?

डा.कोइराला - मैले चिना हेराएको छैन । हात हेराएको छु । चितवनका बच्चु पण्डितलाई सबैले राम्रो ज्योतिषी भन्ने गरेका थिए । त्यै भएर म र मेरो ५ जना साथीहरू सँगै बसेर हात हेराएका थियौं । उनले गरेको भविष्यवाणी धेरैजसो मिलेको थियो । राम्रो ज्योतिषी भेटे अझै एकपटक हेराउने विचारमा छु ।

ज्यो.भ. - के ज्योतिष शिक्षाको विकासमा विश्वविद्यालय स्थापना हुन जरुरी छैन ?

डा.कोइराला - यसलाई विश्वविद्यालयको स्थापना गर्नुभन्दा पनि भै रहेका ठाउँबाट विकास गरेर अगाडि बढाउनु पर्छ । ज्योतिष शास्त्रलाई आधुनिकीकरण गर्दै विज्ञान सम्मत बनाउन जरुरी छ ।

ज्यो.भ. - विवाह कुन गर्नुभयो (मागी या लभ)? विवाह गर्दा चिना हेराएर, जुराएर गर्नुभएको होला नि ?

डा.कोइराला - मैले वि.सं.२०५७ सालमा मागी विवाह गरेको हुँ । विवाह गर्दा बुवाहरूले के गर्नुभयो मलाई केही थाहा भएन ।

ज्यो.भ. - धर्मप्रति कत्तिको विश्वास गर्नुहुन्छ ? धर्म भनेको के हो ?

डा.कोइराला - म धार्मिक भन्दा पनि आध्यात्मिक कुरालाई मान्दछु । रुढीवादी धर्म मान्दिन । धर्म भनेको कर्तव्य र नियम हो । जस्तै बर्खामा पानी पर्नु, हिउँदमा जाडो हुनु यो मौसमको धर्म हो । सृष्टिमा सबैभन्दा रक्तपात मच्चाउने पनि धर्म नै हो ।

ज्यो.भ. - विश्वको एकमात्र हिन्दूराष्ट्र हाम्रो देश नेपाल धर्म निरपेक्ष मुलुक घोषणा भैसक्यो नि?

डा.कोइराला - ठीकै हो । राष्ट्रको धर्म हुनुहुँदैन । तर यो बहुसङ्ख्यक हिन्दू हुँदा खारेज गरियो । तर अल्पसङ्ख्यक रहेका जातिको राज्य हुन लागेको छ यो दुःखद् कुरा हो । जातीय राज्य हुनुहुँदैन यसमा पनि निरपेक्ष हुनुपर्दछ ।

ज्यो.भ. - तपाईं नेपाल प्राज्ञमञ्च पोखराको सदस्य पनि हुनुहुन्छ । संस्थामा आवद्ध भएर के गर्नुभयो ?

डा.कोइराला - म त्यस संस्थाको साधारण सदस्य हुँ । कार्यसमितिका साथीहरूले बोलाउनुभएको कार्यक्रममा सहभागी भै आफ्ना विचार राखेको छु । मैले कार्यक्रममा गएर अध्ययन अनुसन्धानलाई तीव्रता दिन, देश र जनताका लागि उपयोगी हुने कार्यका लागि मैले प्रस्ताव समेत पेश गरेको छु । साथीहरू सकारात्मक हुनुहुन्छ ।

ज्यो.भ. - तपाईंको जीवनको एकमात्र लक्ष्य भन्नुपर्दा ?

डा.कोइराला - असल प्राध्यापक र नागरिक बन्नु ।

ज्यो.भ. - काम या अन्य सिलसिलामा कति देशको भ्रमण गर्नुभएको छ ? अनि नेपालका कति जिल्लाको भ्रमण गर्नुभयो ?

डा.कोइराला - विभिन्न सिलसिलामा भारत र अमेरिकाको भ्रमण गरेको छु भने नेपालका करिब ५० जिल्लाको भ्रमण गरिसकेको छु । ७५ वटै जिल्लाको भ्रमण गर्ने लक्ष्य रहेको छ।

ज्यो.भ. - अन्त्यमा हामीले सोध्न र तपाईंले भन्न छुटेको कुरा केही बाँकी छन् कि ?

डा.कोइराला - म सम्पूर्णलाई के अनुरोध गर्न चाहन्छु भने देशबाट अधिकार मात्र माग्नु भएन कर्तव्य पनि सम्झनु पर्‍यो । यो मेरो मनमा अत्यन्तै लागेको विषय पनि हो । अहिले देशमा एक खालको शिक्षामा मात्र अत्यधिक चाप परेको छ । यसले निकट भविष्यमा ठूलो समस्या ल्याउँछ । यसप्रति सचेत हुँदै प्राविधिक र व्यावसायिक शिक्षामा ध्यान दिन आग्रह छ । सरकारले शिक्षाको नीति निर्माणमा पुगेर शिक्षालाई जीवन उपयोगी शिक्षा प्राणाली लागू गरोस् भन्न चाहन्छु ।

ज्यो.भ. - ज्योतिष भविष्यवाणीलाई केही भन्नु छ कि ?

डा.कोइराला - यो निश्चित विधालाई समेटेर प्रकाशित पत्रिका ज्योतिष भविष्यवाणीको प्रगतिको शुभकामना व्यक्त गर्दछु । पत्रिकाले ज्योतिषको विकासमा महत्वपूर्ण योगदान दिन सकोस् र एउटा सुझाव पनि छ । यो पत्रिका प्रशस्त मात्रामा सार्वजनिक ठाउँहरूमा उपलब्ध भएमा अधिकांश जनताले यसको अध्ययन गर्ने अवसर पाउने थिए ।

ज्यो.भ. - व्यस्तताका बाबजुद महत्वपूर्ण समयका लागि धेरै-धेरै धन्यवाद ।

डा.कोइराला -तपाईंले मेरो विचारलाई पाठक समक्ष ल्याउने जुन जमर्को गर्नुभयो यसप्रति तपाईं र ज्योतिष भविष्यवाणी पत्रिकालाई हार्दिक धन्यवाद ।

**प्रस्तुति : हरि पन्त**

# रामघाट धार्मिक विकास समितिमा थापा

**ज्योतिष भविष्यवाणी**

**पोखरा** : पोखरा उप-महानगरपालिका वडा नं.१० रामघाटस्थित रामघाट धार्मिक विकास समितिको साधारणसभा समितिका अध्यक्ष सप्तबहादुर थापाको अध्यक्षतामा सम्पन्न भएको छ ।

साधारणसभाले आगामी ४ वर्षका लागि पुनः सप्तबहादुर थापाको अध्यक्षतामा ११ सदस्यीय कार्यसमिति निर्विरोध चयन गरेको छ । समितिको उपाध्यक्षमा पदमबहादुर थापा, महासचिव निरज थापा, कोषाध्यक्ष रीपबहादुर थापा, सचिव गोमा रायमाझी, सह-सचिव नगेन्द्र कार्की, सह-कोषाध्यक्षमा हिमाल खड्का, सदस्यहरुमा शुकबहादुर कुँवर, शिवबहादुर कार्की, मेघराज घिमिरे र भरतबहादुर कार्की निर्विरोध चयन हुनुभएको निर्वाचन मण्डलका संयोजक शङ्करबहादुर के.सी.ले जानकारी गराउनुभयो ।

सभाले ५ सदस्यीय निर्वाचन मण्डलको गठन गरेको थियो । निर्वाचनमण्डलका सदस्यहरुमा भरतबहादुर बस्नेत, माया बराल, डम्बरबहादुर थापा र सोवित बानियाँ रहनुभएको थियो ।

निर्वाचनमण्डलद्वारा आफ्नो निर्वाचन प्रक्रिया अगाडि बढाइदै हालसम्म क्रियाशील कार्यसमितिका पदाधिकारीलाई धन्यवाद सहित विघटन गरेको जानकारी गराइएको थियो ।

त्यस लगत्तै निर्वाचन प्रक्रिया अगाडि बढाइएकोमा निर्धारित सबै पदहरुमा १/१ जनाको मात्र उम्मेदवारी दर्खास्त परेकाले निर्विरोध निर्वाचन सम्पन्न भएको घोषणा गरिएको थियो । घोषणा लगत्तै निर्वाचनमण्डलले पदाधिकारीहरुलाई अबिर टीका लगाई पदस्थापन गरेको थियो । पदस्थापनपछि समितिका तर्फबाट अध्यक्षको आज्ञाले उपाध्यक्ष पदमबहादुर थापाले रामघाट धार्मिक क्षेत्र विकास समितिलाई सम्पूर्ण नेपालीहरुको आस्था एवम् विश्वासको केन्द्रबिन्दुका रूपमा विकास गर्नुपर्ने चुनौति रहेको कुरा बताउनुभयो । सो चुनौतिलाई यस कार्यसमितिले आत्मसाथ गर्दै विशुद्ध धार्मिक, प्राकृतिक, वातवरणीय हिसाबले संरक्षण र सम्वर्द्धन गर्दै पोखराको थप पर्यटकीय क्षेत्रको रूपमा विकास गर्नुपर्ने प्रतिवद्धता व्यक्त गर्नुभएको कुरा पदमबहादुर थापाले बताउनुभयो ।

समितिका अध्यक्ष सप्तबहादुर थापाले हामी सबै मिलेर यसको विकास गर्दै अघि बढ्नुपर्ने बताउनुहुँदै सबैलाई धन्यवाद सहित सभाको विसर्जन गर्नुभएको थियो ।

## यथार्थ...

आफू लागि पर्ने र प्रशासनबाट हुने ढिलासुस्तीलाई रोक्ने बताउँदै सुरक्षाका लागि 'ल एण्ड अर्डर' अनुसार काम गर्ने यसमा प्रहरी, समाज र पत्रकारको सहयोग लिने बताउनुभयो ।

सोही कार्यक्रममा जिल्ला प्रशासनबाट कानून विपरित कुनै पनि काम हुन नदिने उहाँको भनाइ थियो ।


## सूचना ! सूचना !! सूचना !!!

ज्यो.डा.बलराम उपाध्याय रेग्मीद्वारा सम्पादित/प्रकाशित ज्योतिष भविष्यवाणी (राष्ट्रिय साप्ताहिक) बचत खाता नं.००५०२५४६०५ सांग्रिला डेभलपमेन्ट बैंक लि.बाग्लुङ्ग बसपार्क शाखा, पोखरा-२ कास्की, नेपालको नाममा पुग्ने गरी वार्षिक सदस्यता नगद रु.५००/- जम्मा गर्नुहोस् अथवा मनि ट्रान्सफर गरी सूचना दिनुहोस् नेपालको जुनसुकै ठाउँमा रहे पनि ज्योतिष भविष्यवाणी तपाईंको ठेगानामा पठाइनेछ।

# साप्ताहिक दैनिक शुभ समय कार्य तालिका

ज्यो.डा.बलराम उपाध्याय रेग्मी

| | |
|---|---|
| बिहीबार २०६८/११/११ Feb.23, 2012 | बिहान ६:३७ बजेदेखि ८:०७ बजेसम्म **शुभ**/बिहान ८:०७ बजेदेखि ९:३७ बजेसम्म **रोग**/बिहान ९:३७ बजेदेखि ११:०७ बजेसम्म **उद्वेग**/दिनमा ११:०७ देखि १२:३७ सम्म **चर**/दिनमा १२:३७ देखि २:०७ बजेसम्म **लाभ**/दिनमा २:०७ बजेदेखि ३:३७ बजेसम्म **अमृत**/दिनमा ३:३७ देखि ५:०७ बजेसम्म **काल**/बेलुकी ५:०७ देखि ६:३७ बजेसम्म **शुभ** । |
| शुक्रबार २०६८/११/१२ Feb.24, 2012 | बिहान ६:३६ बजेदेखि ८:०६ बजेसम्म **चर**/बिहान ८:०६ बजेदेखि ९:३६ बजेसम्म **लाभ**/बिहान ९:३६ बजेदेखि ११:०६ बजेसम्म **अमृत**/दिनमा ११:०६ देखि १२:३६ सम्म **काल**/दिनमा १२:३६ देखि २:०६ बजेसम्म **शुभ**/दिनमा २:०६ बजेदेखि ३:३६ बजेसम्म **रोग**/दिनमा ३:३६ देखि ५:०६ बजेसम्म **उद्वेग**/बेलुकी ५:०६ देखि ६:३६ बजेसम्म **चर** । |
| शनिबार २०६८/११/१३ Feb.25, 2012 | बिहान ६:३५ बजेदेखि ८:०५ बजेसम्म **काल**/बिहान ८:०५ बजेदेखि ९:३५ बजेसम्म **शुभ**/बिहान ९:३५ बजेदेखि ११:०५ बजेसम्म **रोग**/दिनमा ११:०५ देखि १२:३५ सम्म **उद्वेग**/दिनमा १२:३५ देखि २:०५ बजेसम्म **चर**/दिनमा २:०५ बजेदेखि ३:३५ बजेसम्म **लाभ**/दिनमा ३:३५ देखि ५:०५ बजेसम्म **अमृत**/बेलुकी ५:०५ देखि ६:३५ बजेसम्म **काल** । |
| आइतबार २०६८/११/१४ Feb.26, 2012 | बिहान ६:३४ बजेदेखि ८:०४ बजेसम्म **उद्वेग**/बिहान ८:०४ बजेदेखि ९:३४ बजेसम्म **चर**/बिहान ९:३४ बजेदेखि ११:०४ बजेसम्म **लाभ**/दिनमा ११:०४ देखि १२:३४ सम्म **अमृत**/दिनमा १२:३४ देखि २:०४ बजेसम्म **काल**/दिनमा २:०४ बजेदेखि ३:३४ बजेसम्म **शुभ**/दिनमा ३:३४ देखि ५:०४ बजेसम्म **रोग**/बेलुकी ५:०४ देखि ६:३४ बजेसम्म **उद्वेग** । |
| सोमबार २०६८/११/१५ Feb.27, 2012 | बिहान ६:३३ बजेदेखि ८:०३ बजेसम्म **अमृत**/बिहान ८:०३ बजेदेखि ९:३३ बजेसम्म **काल**/बिहान ९:३३ बजेदेखि ११:०३ बजेसम्म **शुभ**/दिनमा ११:०३ देखि १२:३३ सम्म **रोग**/दिनमा १२:३३ देखि २:०३ बजेसम्म **उद्वेग**/दिनमा २:०३ बजेदेखि ३:३३ बजेसम्म **चर**/दिनमा ३:३३ देखि ५:०३ बजेसम्म **लाभ**/बेलुकी ५:०३ देखि ६:३३ बजेसम्म **अमृत** । |
| मंगलबार २०६८/११/१६ Feb.28, 2012 | बिहान ६:३२ बजेदेखि ८:०२ बजेसम्म **रोग**/बिहान ८:०२ बजेदेखि ९:३२ बजेसम्म **उद्वेग**/बिहान ९:३२ बजेदेखि ११:०२ बजेसम्म **चर**/दिनमा ११:०२ देखि १२:३२ सम्म **लाभ**/दिनमा १२:३२ देखि २:०२ बजेसम्म **अमृत**/दिनमा २:०२ बजेदेखि ३:३२ बजेसम्म **काल**/दिनमा ३:३२ देखि ५:०२ बजेसम्म **शुभ**/बेलुकी ५:०२ देखि ६:३२ बजेसम्म **रोग** । |
| बुधबार २०६८/११/१७ Feb.29, 2012 | बिहान ६:३१ बजेदेखि ८:०१ बजेसम्म **लाभ**/बिहान ८:०१ बजेदेखि ९:३१ बजेसम्म **अमृत**/बिहान ९:३१ बजेदेखि ११:०१ बजेसम्म **काल**/दिनमा ११:०१ देखि १२:३१ सम्म **शुभ**/दिनमा १२:३१ देखि २:०१ बजेसम्म **रोग**/दिनमा २:०१ बजेदेखि ३:३१ बजेसम्म **उद्वेग**/दिनमा ३:३१ देखि ५:०१ बजेसम्म **चर**/बेलुकी ५:०१ देखि ६:३१ बजेसम्म **लाभ** । |

## साप्ताहिक साहित

१. फाल्गुन ११, २०६८ बिहीबार - पश्चिम दिशाको मात्र यात्रा शुभ रहनेछ ।
२. फाल्गुन १२, २०६८ शुक्रबार - उत्तर दिशाको यात्रामात्र गर्नु शुभ रहेको छ ।
३. फाल्गुन १३, २०६८ शनिबार - पश्चिम र उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ ।
४. फाल्गुन १४, २०६८ आइतबार - उत्तर र पूर्व दिशाको यात्रामात्रै शुभ रहेको छ ।
५. फाल्गुन १५, २०६८ सोमबार - उत्तर दिशाको यात्रामात्रै शुभ रहेको छ ।
६. फाल्गुन १६, २०६८ मंगलबार - पूर्व दिशाको मात्र यात्रा शुभ रहेको छ ।
७. फाल्गुन १७, २०६८ बुधबार - पूर्व र दक्षिण दिशाको मात्र यात्रा शुभ रहेको छ भने अन्य कुनैपनि दिशाको यात्रा नगर्नु नै राम्रो हुनेछ ।

## दैनिक राहुकाल समय

आइतबार बेलुकी ४।३० देखि ६ बजेसम्म राहुकाल रहनेछ ।
सोमबार बिहान ७।३० देखि ९ बजेसम्म राहुकाल रहनेछ ।
मंगलबार दिनमा ३ देखि ४।३० बजेसम्म राहुकाल रहनेछ ।
बुधबार दिनमा १२ देखि १।३० बजेसम्म राहुकाल रहनेछ ।
बिहीबार दिनमा १।३० देखि ३ बजेसम्म राहुकाल रहनेछ ।
शुक्रबार बिहान १०।३० देखि १२ बजेसम्म राहुकाल रहनेछ ।
शनिबार बिहान ९ देखि १०।३० सम्म राहुकाल रहनेछ ।

*(माथि तोकिएको समयमा गरिएको कुनै पनि कार्य असफल हुनेछ ।)*

# तपाईंको यो हप्ता

(फाल्गुन ११ गते बिहीबारदेखि फाल्गुन १७ गते बुधबारसम्म)
(From Feb. 23, 2012 to Feb.29, 2012)

ज्यो. सीता रेग्मी
मोबाइल: ९८४६२१८८१५

१. मेष: (Aries)(चु. चे. चो. ला. लि. लु. ले. लो. अ.)
यो हप्ता तपाईंले कतै कसैलाई नगद दिनु भएको भए माग्न गए पाइनेछ । विगतको तुलनामा मानसिक शान्ति र आराम मिल्ने छ । आश्रित कर्मचारी, परिवारका सदस्यबाट राम्रै सहयोग पाइनेछ । समय पूर्ण सुधारतर्फ चलिरहेको छ । रोकिएका प्राय: जसो काम छिटै सम्पन्न हुनेछन् । महत्वपूर्ण मौका पाएर पनि छुट्ने सम्भावना पनि त्यत्तिकै रहेको छ ।

२. वृष: (Tauras)(ई. उ. ऐ. ओ. वा. वि. वु. वे. वो.)
तपाईंको यो हप्ता सानो कुरामा चित्त दुखाउने, असन्तुष्ट रहने बानीमा सुधार गर्नैपर्ला जस्तो छ । आवश्यकताभन्दा ज्यादा बोल्दा बन्न लागेका काम बिग्रने सम्भावना देखिन्छ । आफूले विश्वास गरेका व्यक्तिले नै धोका दिने अवस्था पनि आइपर्ला जस्तो छ सतर्कता आवश्यक छ । खर्च पनि गर्नैपर्ने, गुन पनि नमान्ने त्यस्ता व्यक्तिका लागि धन खर्च नगर्नु नै उचित होला ।

३. मिथुन: (Gemini) (का. कि. कु. घ. ङ. छ. के. को. ह.)
यो हप्ता तपाईंका लागि मनमा त्रास, शङ्का, असन्तोष जस्तो अनुभव भै रहनेछ । स्वास्थ्यको दृष्टिले समय शुभ छैन । उठ्नुपर्ने पैसा नउठ्ने तर खर्चमा अत्यधिक वृद्धिले पनि थप चिन्ता बढ्ने देखिन्छ । यो हप्ता सकभर यात्रा नगर्नु नै राम्रो, यदि गर्नैपर्ने भएमा उत्तर दिशाको यात्रा बाहेक अन्य कुनै पनि दिशाको यात्रा गर्नु उचित देखिँदैन ।

४. कर्क: (Cancer)(हि. हु. हे. हो. डा. डि. डु. डे. डो.)
यो हप्ता तपाईंलाई आफ्नै निकटमित्र, शुभेच्छुकसँग झगडा, विवाद पर्ला जस्तो छ । मानसिक चञ्चलता बढिरहने छ । गर्न खोजेका काममा रोकावट चारैतिरबाट आउनेछ । स्वास्थ्यमा समस्या देखिने प्रवल सम्भावना रहेको छ । विशेष गरी खानपानमा सतर्क रहन आवश्यक छ । बद्नाम गर्ने प्रयास कसैबाट हुँदैछ । अत्यधिक बोली वचनमा संयमको आवश्यकता छ ।

५. सिंह: (Leo) (मा. मि. मु. मे. मो. टा. टि. टु. टे.)
तपाईंका लागि यो हप्ता पदीय प्रमोसन अथवा पैसा परिश्रम अनुसारको हात पर्ने समय रहेको छ । जग्गा, जमिन किन्न चाहनु हुन्छ भने यो हप्ता अत्यन्त शुभ रहनेछ । पुराना छुटेका इष्टमित्रसँग भेट हुने मौका पनि पाउनु हुनेछ । विशेष गरी उत्तर र पूर्व दिशाको यात्राले फाइदा मिल्नेछ । समयको राम्रो उपयोग गर्न सक्नु भएमा प्रगति छिटो गर्न सकिनेछ । समय शुभ रहे तापनि घरमा चोरी हुनबाट जोगाउनु होला ।

६. कन्या: (Virgo)(टो. पा. पी. पू. ष. ण. ठ. पे. पो.)
यो हप्ता तपाईंको स्वास्थ्य ठीकठाक रहने देखिन्छ । प्रतिष्ठामूलक कार्यक्रममा सहभागी हुन पाइने सम्भावना बलियो छ । सोचेअनुसार सहयोग सबै वर्गबाट पाउनु हुनेछ । कुनै विशेष प्रकारको कार्यमा सहभागी हुने मौका पनि पाइनेछ । विशेष गरी केटा पक्षबाट प्रेमिका सन्तुष्ट रहनेछिन् । समग्रमा यो हप्ताको समय शुभ भए ता पनि बाह्य शरीरमा चोट लाग्ने सम्भावना भएकाले विशेष सतर्क रहनु आवश्यक छ ।

७. तुला: (Libra)(रा. री. रु. रे. रो. ता. ती. तु. ते)
यो हप्ता तपाईंलाई पेट र पिसाव सम्बन्धी रोगले सताउने सम्भावना बलियो छ । खानामा अनियमित असन्तुलनले स्वास्थ्यमा बाधा आइपर्नेछ विशेष ख्याल गर्नुहोला । सानो कुरामा विवाद गरी अलमलाउने प्रयास हुनेछन् सतर्क हुन आवश्यक छ । घर बस्नु, कसैलाई नगद पैसा सोमबार पारेर दिने काम ठीक छैनन् । यात्रामा बिघ्नबाधा आउने भएकाले विचार पुऱ्याएर मात्र यात्रामा निस्कनु राम्रो हुनेछ ।

८. वृश्चिक: (Scorpio) (तो. ना. नि. नू. ने. नो. या. यि. यू.)
तपाईंका लागि यो हप्ता स्वास्थ्यका हिसाबले समय खराब चल्दै छ, विशेष सतर्क रहनु होला । स्वास्थ्य खराब रहे तापनि आम्दानीका नयाँ स्रोतहरू फेला पर्नेछन् । शैक्षिक क्षेत्रबाट पनि लाभका अवसर मिल्नेछन् । पारिवारिक सुख शान्ति मिल्नेछ । जागिरमा पदोन्नति हुनेछ।

९. धनु: (Sagittarius)(ये. यो. भा. भी. भू. ध. फ. ढ. भे.)
तपाईंका लागि यो हप्ता सोमबारको दिन विशेष खराब रहने भए तापनि अन्य दिन स्वास्थ्य सन्तुलित रहनेछ । गर्न खोजेका काममा धेरैतिरबाट रोकावट, झन्झट बेहोर्नु पर्ने देखिन्छ । जति नै बिघ्नबाधा आइलागे तापनि धैर्यका साथ लागि परेमा केही हदसम्म कार्य सफल हुनेछन् । आम्दानीभन्दा खर्चमा लगातार वृद्धि हुँदै जाने, पश्चिम दिशाको यात्रामा झन्झट, भरमा अनावश्यक कलह मच्चिन सक्ने हुनाले सतर्क रहनु होला । अरूको लहैलहैमा लाग्दा प्रहरीको फन्दामा पनि पर्न सकिने सम्भावना छ ।

१०. मकर: (Capricorn)(भो. ज. जी. खि. खु. खे. खो. ग. गी.)
तपाईंलाई यो हप्ता स्वास्थ्यमा सुधार हुँदै जानेछ । आफन्तसँग भएको भेटले मनमा खुसीयाली छाउनेछ । आम्दानीका स्रोतहरु बढ्दै जानेछन् । धार्मिक कार्यमा लगानी गर्न मन लाग्नेछ । यो हप्ताको अन्तिम दिन बुधबार खराब रहेकाले प्रेमीप्रेमिका बीचमा खटपट आउन सक्ने छ । विद्यार्थी वर्गलाई पनि यो हप्ता त्यति शुभ रहने छैन । नयाँ कार्यको थालनी गर्नु छ भने यो हप्तामा शुभ हुने देखिन्छ ।

११. कुम्भ: (Aquarius)(गु. गे. गो. सा. सी. सु. से. सो. द.)
तपाईंका लागि यो हप्ता सन्तुलित भोजन र शारीरिक व्यायाम राम्रो भएमा स्वास्थ्य ठीकठाक रहनेछ । नौलो ठाउँ, नौला व्यक्तिसँगको भेटघाटले मनमा प्रशन्नताको अनुभव हुनेछ । आवश्यक पर्ने पैसाको जोहो, मेलोमेसो जुट्नेछ ।

१२. मीन: (Pisces)(दी. दू. थ. झ. ञ. दे. दो. चा. ची.)
तपाईंका लागि यो हप्ता जुनसुकै काम गर्न खोज्दा पनि विघ्नबाधा हैरानी हुने देखिन्छ । मनमा सोचे अनुसारको प्रगति नभई दिंदा तीव्र अशान्तिको अनुभव हुनेछ । यात्राको लागि समय त्यति शुभ छैन । वायु, ग्यास्ट्रिक, शरीर दुख्ने, खानामा अनियमितता, अप्रिय लाग्ने समाचार सुन्नुपर्ने सम्भावना पनि बलियो छ ।

**प्रत्येक शनिबार बेलुकी ३:३० बजेदेखि ५ बजेसम्म रेडियो अन्नपूर्ण ९३.४ पोखराबाट नियमित प्रशारित 'ज्योतिष भविष्यवाणी' साप्ताहिक कार्यक्रम सुन्दै गर्नुहोला । कार्यक्रम सञ्चालक : वरिष्ठ ज्योतिष भविष्यवक्ता डा.बलराम उपाध्याय रेग्मी, जिज्ञासा टिपोटका लागि ९८५६०२०९१४, ९८५६०३०९१४, ९७२६१५३६८४, ०६१-५४०३४७**

संस्थापक/प्रधान सम्पादक/प्रकाशक-ज्योतिष शिरोमणि डा.बलराम उपाध्याय रेग्मी, फोन/फ्याक्स नं.+977-61-540347, Mobile 00977-9856020914
प्रमुख व्यवस्थापक-ज्यो.सुश्री सीता रेग्मी, कानुनी सल्लाहकार अधिवक्ता श्री प्रेमबहादुर खड्का/अध्यक्ष नेपाल बार एशोसियशन, प्रबन्ध निर्देशक- रामनाथ अधिकारी 'संगी', व्यवस्थापक-सुनिता रेग्मी,ज्यो.सन्तोष रेग्मी, ज्यो.प्रदीप रेग्मी, ज्यो.मधु रेग्मी, ज्यो.आनन्द रेग्मी, कम्प्यूटर सेटिङः ज्यो.भ.डेक्स, केन्द्रीय स्थायी कार्यालयः खुर्कोट-४ पर्वत, धौलागिरी, नेपाल/पश्चिमाञ्चल कार्यालयः पो.ब.नं. २०७, अर्चलबोटचोक, पोखरा-२, कास्की, नेपाल/पूर्वाञ्चल कार्यालय : बिराटनगर-१६,मोरङ्ग, E-mail: jbweekly@fewanet.com.np, website: www.jbweekly.com, मुद्रक-गोविन्दप्रसाद रेग्मी, बन्धु अफ्सेट प्रेस, नयाँबजार, पोखरा, फोन ०६१-५३२३४४,९८४६१३५९४२ web hosting : pokharacity.com